नेपाल सरकार
# संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
सिंहदरवार, काठमाडौं
(आन्तरिक व्यवस्थापन शाखा)

पत्र संख्या :- २०७६/०७७
चलानी .नः ↄ२०१

मिति २०७६/१२/०५

**बिषयः परिपत्र सम्बन्धमा ।**

श्री विभाग/आयोग/ प्रतिष्ठान/समिति सबै
श्री जिल्ला समन्वय समितिको कार्यालय सबै
श्री स्थानीय तह सबै

स्वास्थ्य कर कोषको सचिवालय, रामशाह पथ, काठमाण्डौं को च.नं. २९४ र २९६ मिति २०७६/११/२७ को पत्र यसै साथ संलग्न छ । सो पत्रबाटै अवगत गरी कार्यान्वयन गर्नु गराउनुहुन आदेशानुसार अनुरोध छ ।

जगत प्रसाद भुसाल
शाखा अधिकृत

बोधार्थः-
श्री स्वास्थ्य कर कोषको सचिवालय
रामशाहपथ, काठमाण्डौं ।
श्री सूचना तथा प्रविधि शाखाः वेभसाइटमा राखिदिनुहुन ।
सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
सिंहदरवार ।

नेपाल सरकार

स्वास्थ्य तथा जनसंख्या मन्त्रालय

# स्वास्थ्य कर कोषको सचिवालय

रामशाहपथ, काठमाण्डौ

पत्र संख्या :- २०७६/२०७७

चलानी नं.:- २३६

मिति :- २०७६/११/२७

**विषय:** चमेना गृहहरुमा धुम्रपान तथा सुर्तिजन्य पदार्थ निषेध गर्ने बारे।

श्री संघिय मामिला तथा सामान्य प्रशासन मन्त्रालय,
सिंहदरवार, काठमाण्डौ।

धूम्रपान तथा सूर्ति सेवन मानव स्वास्थ्यको लागि अत्यन्त हानिकारक छ। यसको सेवनले फोक्सोको क्यान्सर, मष्तिस्कघात, मुख तथा घाँटिको क्यान्सर हुनका साथै कम तौल भएको, अपाङ्ग र मरेको बच्चा जन्मन्छ। धूम्रपान तथा सूर्तिमा हुने निकोटिन तथा टार, कार्वन-मोनोअक्साईडले मुटु र फोक्सोको रोग लाग्दछ। सूर्तिजन्य पदार्थमा नाईट्रोसोमाईन र बेन्जोपाइरिन जस्ता क्यान्सरका कारक तत्व हुन्छन। सूर्तिजन्य पदार्थको प्रयोगको कारणले गर्दा प्रमुख चार वटा नसर्ने रोगहरु (क्यान्सर, दिर्घ श्वासप्रश्वास, मुटुरोग र मधुमेह) लाग्ने गर्दछ। पाँच जाना मध्ये दुई जना व्यक्ति अरुले खाएको धुम्रपानको धुवाले पिडित हुन्छन। राष्ट्रिय तथा अन्तराष्ट्रिय स्तरमा सूर्तिजन्य पदार्थ सेवनको कारणले गर्दा लाग्ने नसर्ने रोग र मृत्युदर अन्य कारण भन्दा उच्च रहेको पाईन्छ।

पछिल्ला दिनमा सूर्तिजन्य पदार्थको सेवनको दर युवा वर्गमा उच्च देखिएको छ। सूर्तिजन्य पदार्थको उपयोग महामारीको रुपमा देखापरेको छ। नेपालमा हरेक वर्ष करिब सत्ताईस हजार मानिसको मृत्यु सूर्तिजन्य पदार्थको प्रयोगको कारणले लागेको रोगबाट भएको पाईन्छ ।उक्त रोगको उपचारमा राज्यको अरबौं लगानि भएको छ।

नेपाल सरकार
स्वास्थ्य तथा जनसंख्या मन्त्रालय

# स्वास्थ्य कर कोषको सचिवालय

रामशाहपथ, काठमाण्डौ

पत्र संख्या :- २०७६/२०७७
चलानी नं.:-

मिति :- २०७६/११/२७

सूर्तिजन्य पदार्थको प्रयोगको कारणले वर्तमान र भविष्यका पिढिहरुको स्वास्थ्य, सामाजिक वाताबरण र आर्थिक पक्षमा पर्ने असर र प्रभावबाट बचाउन र "सुखि नेपाली, समृद्द नेपालको" नारालाई साकार पार्न सूर्तिजन्य पदार्थको प्रयोगलाई नियन्त्रण गरी सर्वसाधारण जनताको स्वास्थ्य, सुविधा र आर्थिक हितको अभिवृद्दि गर्न तथा सुर्तिजन्य पदार्थको आयात उत्पादन, विक्रि वितरण तथा सेवन गर्ने कार्यलाई न्युनिकरण, नियन्त्रण तथा नियमन गर्नका लागि २०६८ सालमा सूर्तीजन्य पदार्थ (नियन्त्रण र नियमन गर्ने) ऐन, २०६८ र ऐ. नियमावली, २०६८ निर्माण भई कार्यान्वयनमा रहेको व्यहोरा विधितै छ।

उक्त ऐनको दफा ४ को उपदफा (१) मा कसैले पानि सार्वजनिक स्थलमा धुम्रपान गर्न पाउने छैन भन्ने उल्लेख छभने दफा ३ को उपदफा (१) ले देहायको स्थललाई सर्वजनिक स्थल मानेको छ।

क. राज्य तथा सरकारी निकाय, कार्यालय वा संस्था,
ख. शिक्षण संस्था, पुस्तकालय, तालीम तथा स्वास्थ्य सम्बन्धी संस्था,
ग. विमानस्थल, वायुसेवा तथा सार्वजनिक सवारीका साधन,
घ. बालकल्याण गृह, शिशु स्याहार केन्द्र वृद्धाश्रम, अनाथालय, बाल उद्दान तथा क्लब,
ङ. सार्वजनिक शौचालय,
च. उद्योग तथा कल कारखानाका कार्यस्थल,
छ. चलचित्र घर, साँस्कृतिक केन्द्र तथा नाट्यशाला,
ज. होटल, मोटल, रिसोर्ट, रेस्टुरेन्ट, बार, भोजनालय, चमेनागृह, लज, छात्र वा छात्रवास तथा अतिथि गृह,
झ. रङ्गशाला, कभर्डहल, शारिरिक सुगठन व्यायम केन्द्र, पौडी पोखरी तथा पुल हाउस,
ञ. डिपार्टमेन्ट स्टोर तथा मिनी मार्केट,
ट. धर्मशाला तथा धार्मिक स्थल,
ठ. सार्वजनिक सवारीका प्रतिक्षालय र टिकट काउन्टर

नेपाल सरकार

स्वास्थ्य तथा जनसंख्या मन्त्रालय

# स्वास्थ्य कर कोषको सचिवालय

रामशाहपथ, काठमाण्डौ

पत्र संख्या:- २०७६/२०७७

चलानी नं.:-

मिति :- २०७६/११/२७

त्यसैगरी दफा १४ ले व्यवस्थापकले आफुसँग सम्बन्धित सार्वजनिक स्थलमा कसैले धुम्रपान वा सुर्ति सेवन गरे वा नगरेको समय समय मा निरिक्षण गर्ने र निरिक्षण गर्दा कसैले धुम्रपान वा सुर्ति सेवन गरेको देखिएमा धुम्रपान वा सुर्ति सेवन गर्न तुरुन्त रोक लगाउनु पर्दछ भन्ने उल्लेख गरेको छ भने ऐ. दफा १० मा त्यसरी रोक लगाउदा नमाने वा पटक पटक धुम्रपान वा सुर्ति सेवन गरेमा निजलाई त्यस्तो सार्वजनिक स्थलबाट बहिर निकाल्ने वा एकसय रुपैया जरिवाना गर्नु पर्ने व्यवस्था छ।

सुर्तिजन्य पदार्थको नियन्त्रण र नियमन गर्ने उद्देश्यले निर्माण भएको उक्त ऐन कार्यान्वयनमा आएको ८ वर्ष वितिसक्दा समेत सिंहदरवार परिसर भित्र रहेका विभिन्न मन्त्रालय/निकाय/कार्यालयका चमेना गृहहरुमा सुर्तिजन्य पदार्थको बिक्रि वितरण र सेवन गर्ने गरेको गुनासोहरु बारम्बार प्राप्त हुने गरेको हुँदा आफ्नो मन्त्रालय/निकाय/कार्यालयमा संचालित चमेना गृहमा धुम्रपान तथा सुर्तिजन्य पदार्थ बिक्रि वितरण र सेवा समेतको कामलाई पुर्ण रुपमा निषेध गर्न र कसैले गरेको पाइएमा कारवाहि गरी कानून कार्यान्वयनमा सहयोग पुर्याउनुहुन सुर्तिजन्य पदार्थ नियन्त्रण तथा नियमन समितिको निर्णयानुसार अनुरोध छ।

साथै धुम्रपान तथा सुर्ति सेवन निषेधित क्षेत्र लेखिएको स्टिकर राष्ट्रिय स्वास्थ्य, शिक्षा, सुचना तथा सञ्चार केन्द्र, टेकु बाट प्राप्त गर्न सकिने व्यहोरा समेत अनुरोध छ।

बोधार्थ:

श्री राष्ट्रिय स्वास्थ्य , शिक्षा, सुचना तथा सञ्चार केन्द्र,
टेकु, काठमाण्डौः आवश्यक स्टिकर उपलब्ध गराउने व्यवस्था गर्नुहुन।

(पुस्कर राज नेपाल)
उप सचिव (कानून)